जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ४४ २०७८ साल भदौ २१ गते सोमबार (6 Sep. 2021 Monday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : खर्चिलो र भड्किलो बन्दै ... ३ पृष्ठमा : कुर्था-बिजुलपुरा रेलमार्ग ... ३ पृष्ठमा बाइडेन दम्पत्तीले सेप्टेम्बर ११...

## अस्पतालका चिकित्सकले बिरामीलाई दुर्व्यबहार र गालीगलौज गर्दै बाहिर निकाले



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना भएका एक बिरामीलाई अस्पतालका चिकित्सकले दुर्व्यबहार र गालीगलौज गर्दै आइतबार बाहिर निकालेका छन् ।

सो अस्पतालमा उपचार गराइरहेकी राजविराज नगरपालिका वडा नं. २ निवासी ललिता देवी साहलाई चिकित्सक डा. प्रणेश यादवले गालीगलौज गर्दै बाहिर निकालेका हुन् ।

दुर्घटनामा घाइते भएर उपचारका लागि भर्ना भएकी साह तीन सातादेखि अस्पतालमा उपचार गराइरहेकी थिइन् । उनलाई गालीगलौज गर्दै अस्पतालको बेडबाट जबरजस्ती बाहिर निकालिएको हो ।

ललिताकी सासू सवितादेवीले बुहारी दुःखाईले छटपटिरहेकी बेला स्वास्थ्यकर्मीले स्लाइन पानी र सुई ल्याउने भनेपछि आफू औषधी लिएर आएको केहि बेरमै डाक्टर यादवले बाहिर निकालिदिएको बताएकी छिन् ।

चिकित्सकले बाहिर निकालिदिएपछि उनलाई दिनभर अस्पताल प्राङणको खुल्ला ठाउँमा राखिएको थियो ।

गत भदौं १ गते ललिताकी श्रीमान् यदुनन्दनले चलाइरहेको सिटी रिक्सामा चढेर घरतर्फ जाने क्रममा राजविराजस्थित गजेन्द्र चोकमा स.१ह. १३४३ नम्बरको सिटी रिक्साले ठक्कर दिएपछि उनको खुट्टा भाँचेको थियो भने उनको नशा पनि काटिएको थियो ।

खुट्टा भाँचिएपछि उनको उपचार डा. यादवले नै गरेका थिए । भाँचिएको खुट्टाको प्लास्टर यादवले गरेपनि दुखाई कम नहुँदा उनी अस्पतालमै भर्ना रहेकी थिइन् ।

यता आरोपित चिकित्सक डा. यादवले ललितादेवीलाई आफूले ननिकालेको भन्दै आफूमाथि लगाइएको आरोप झुठो रहेको दाबी गरे । उनले ललितालाई एकसाताअघि नै डिस्जार्च गर्दा समेत नगएका कारण अन्य कर्मचारीले निकालेको हुन सक्ने बताए ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रंजित झा पनि डिस्चार्ज गरिएका कारण जान नमानेपछि पठाएको हुन सक्ने बताए । यद्यपी के कसो भएको हो त्यसको बिषयमा आफू काठमाडौंमा भएका कारण जानकारी नभएको उनले बताए ।

## प्रदेश २ मा लोसपा रोज्ने सांसदको संख्या १५ पुग्यो

**दैनिक समाचारदाता**
**जनकपुर, २० भदौ ।**

प्रदेश २ का थप तीन जना प्रदेशसभा सदस्यले आइतबार लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) रोजेका छन् ।

लोसपा रोज्नेहरुमा अभिराम शर्मा, रानी कुमारी तिवारी र उपेन्द्र महतो छन् । यी तीनै जना सांसदले सनाखत गरेसँगै प्रदेश २ मा लोसपा सांसदको संख्या १५ पुगेको छ ।

तीनैजना सांसदले जनकपुरधामस्थित निर्वाचन आयोगको प्रादेशिक कार्यालयमा पुगेर लोसपामा सनाखत गरेको लोसपा सांसद परमेश्वर साहले जानकारी दिए ।

यसअघि परमेश्वर साह, सुरिता साह, बाबुलाल साह, जानकीशरण शाह, जयनुल राइन, अलका झा, बबिता कुमारी, निलम देवी भुमिहारिन, रमेश प्रसाद कुर्मी, डिम्पल झा, प्रहलाद गिरी गोस्वामी र गौरीनारायण साहले सनाखत गरेका थिए । सनाखत गर्ने गोस्वामी पूर्व मधेशी जनअधिकार फोरमबाट र बाँकी सबै पूर्व राजपाबाट निर्वाचित भएका सांसद हुन् ।

## फुटबल प्रशिक्षक परियार र कार्यालय सहयोगी साहलाई सम्मानसहित बिदाई



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

जिल्ला खेलकुद विकास समिति सप्तरीमा लामो समयसम्म सेवारत दुई जना कर्मचारीलाई आइतबार सम्मानसहित विदाई गरिएको छ ।

समितिको कभर्ड हलमा आयोजित एक कार्यक्रममा फुटबल प्रशिक्षक राजकुमार परियार र कार्यालय सहयोगी त्रिपितनारायण साहलाई सम्मानसहित विदाई गरिएको हो ।

परियार २०५२ साल असोजदेखि कार्यरत रही ०७८ जेठ २ गते उमेर हदका कारण फुटबल प्रशिक्षक अधिकृत तृतिय पदबाट अनिवार्य अवकाश पाएका छन् भने साह २०३८ साल मंसिर ६ गतेदेखि २०४८ सालसम्म स्थायी रुपमा सेवारत थिए । २०५० सालदेखि २०७५ सालसम्म स्थानीय स्रोतबाट पारिश्रमिक पाउँदै सेवा प्रदान गरेका थिए ।

सम्मान तथा विदाई

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

राजविराज पोलिटेक्निक इन्स्टिच्युट
राजविराज-३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### जताबाट नि जनता मारमा

दैनिक उपभोग्य वस्तु तरकारी लगायत खाद्यान्नको मूल्य अकासिएता पनि उपभोक्तामाथि पीडा सुन्ने कोही पनि छैन् । आर्थिक बोझ थपिँएको बेला यस्ता वस्तुको भण्डारण गरी कृत्रिम अभाव सिर्जना गरी मूल्य वृद्धि गराउने व्यापारीका गोदाममा सरकारले छापा मार्ने लगायतका प्रभावकारी कार्यहरुप्रति सम्बन्धित निकायको कुनै चासो देखिँदैन् ।

कुनै बेला पनि खाद्यान्नको मूल्य बढाउने र घटाउने प्रवृतीले जनतामा त्रासको महौल सृजना गर्ने गर्दछ । व्यापारी माझ त्यसको भित्री रहस्य र उनीहरुको गलत नियतमा शंका गरी गोदाममा छापा मारी खाद्य वस्तुको अवस्थाबारे निश्चित जानकारी लिन सरकारको तर्फबाट प्रयत्न गरिएको छैन् ।

यसबाट आम उपभोक्ताले अवश्य नै पीडाले पिरोलिएका छन् । सरकारले नीति, विधि र कानुनी पक्षलाई सबल बनाई विधिसम्मत चल्न प्रयास गर्नुका साथै यसलाई ढाकछोप, छलछाम, भनसुन गर्नेमाथि कारवाहीको धारणा राख्नु पर्नेहुन्छ । अनिमात्र मुल्य नियन्त्रण हुन सक्छ ।

# खर्चिलो र भड्किलो बन्दै चुनाव

काठमाडौँ, २० भदौ (रासस) ।

"खर्चका कारण निर्वाचन लड्न नसक्ने भइयो, भड्किलो चुनावले लोकतन्त्रलाई बोक्न सक्दैन, निष्ठाको राजनीतिक गर्ने चुनावमा प्रतिस्पर्धा गर्न सक्ने भएनन्, अब हामी निर्वाचन व्यवस्थापनमा व्यापक सुधार गर्न तयार हुनैपर्छ" भनेर संविधानसभा सदस्य खिमलाल देवकोटाले उठाएको आवाजमा अन्य नेता पनि सहमत हुन थालेका छन् ।

संविधानसभा सदस्य देवकोटा भन्नुहुन्छ, "नेताका आफन्त र मन परेकालाई समानुपातिकमा अनि प्रत्यक्षमा पैसाका आधारमा टिकट दिने प्रवृत्तिले राजनीतिको अवमूल्यन गर्छ र पाखा लगाउँछ, यसलाई रोक्नुपर्छ ।" संविधानसभाबाट संविधान जारी भएपछि वडातहदेखि राष्ट्रपतिसम्म एक चरणको निर्वाचन प्रक्रिया पूरा हुँदा नहुँदै निर्वाचन प्रणालीबारे कुरा उठ्नु अस्वाभाविक हो । निर्वाचनमा पराजय हुनेबाट यस्ता विचार आउनुलाई स्वाभाविक मानिए पनि विजयी उम्मेदवारबाटै खर्चका हिसाबले निर्वाचन निकै महँगो भएको पतिक्रिया आइरहेको छ ।

गत निर्वाचनमा पालिकाका प्रमुखका उम्मेदवारले करिब रु एक करोड तथा प्रतिनिधिसभामा रु पाँच करोड खर्च गरेको पाइएको छ । नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विजय सुब्बा भन्नुहुन्छ, "ठेकेदार र बिचौलियालाई चुनावमा टिकट दिने दल र नेता दोषी हुन्, प्रणाली होइन, गलत प्रवृत्ति रोक्न मुख्य दल जिम्मेवार हुनुपर्छ, इमान्दार र निष्ठाको राजनीति गर्नेलाई मात्र टिकट दिने संस्कार बसाल्नुपर्‍यो, नीतिनियम र आचारसंहिता पालना गराउन र गलत क्रियाकलाप रोक्न राज्य सशक्त हुनुपर्छ ।"

निर्वाचन खर्चबारे सर्वत्र चासो र चिन्ता व्यक्त भएपछि निर्वाचन आयोगले सुधारका लागि अध्ययनरअनुसन्धान अघि बढाएको छ । नीति अध्ययन प्रतष्ठिानले निष्कर्षमा पुगिनसके पनि खर्चिलो निर्वाचन रोक्न पाँच विकल्प अघि सारेको छ । प्रधानमन्त्री वा राष्ट्रपति पाँच वर्षका लागि प्रत्यक्ष निर्वाचित हुने प्रणाली अवलम्बन गरिँदा तुलनात्मकरूपमा कम खर्चिलो हुने प्रारम्भिक मत छ ।

उक्त प्रणाली अवलम्बन गरिएमा निर्वाचित नेताको नेतृत्वमा सरकार गठन हुने तथा सांसद नीतिनिर्माता अर्थात् विधायकका रूपमा मात्र रहने सुझाव छ । दोस्रो विकल्पका रूपमा प्रधानमन्त्री संसद्बाटै निर्वाचित हुने तर सांसद भने मन्त्री हुन नपाउने व्यवस्था प्रस्ताव गरएिको छ । प्रधानमन्त्रीको नेतृत्वमा रहने मन्त्रिपरिद्मा विज्ञ समूह रहने प्रस्ताव गरिएको उक्त प्रणालीमा प्रवेश गर्ने हो भने हालको प्रणालीमा सामान्य संशोधन गरेर जान सकिने तर्क गरिएको छ ।

तेस्रो विकल्पमा पूर्णसमानुपातिक ढाँचा अघि सारिएको छ । त्यसमा प्रतिनिधिसभाका सबै स्थान समानुपातिक अर्थात् व्यक्ति होइन राजनीतिक दल र विचारबीच प्रतिस्पर्धा हुने प्रणाली प्रस्ताव गरएिको छ । चौथो विकल्पका रूपमा राष्ट्रियसभालाई पूणरूपमा समावेशी बनाउने अनि प्रतिनिधिसभामा जसले बढी मत पाउँछ, त्यसैले जित्ने प्रणाली अपनाउने मत अघि सारिएको छ । अभ्यासमा हाल कायम रहेको मिश्रित प्रणालीको विकल्पमा उम्मेदवार अग्रिम घोषणा हुने, व्यक्ति चुनावमा जाने, दलले प्राप्त गरेको मतका आधारमा उम्मेदवार निर्वाचित हुनेछ ।

पाँचौँ विकल्पका रूपमा विकास निर्माण र सेवा प्रदान गर्ने निकाय भएकाले स्थानीय तहमा दलीय आधारमा नभई असल काम गर्नेलाई जित्न सक्ने प्रणाली पनि उपयुक्त नमूना हुने तर्क अघि सारिएको छ ।

**पूर्णसमानुपातिकका लागि राष्ट्रिय बहस**

एमाले नेत्री पद्माकुमारी अर्याल भन्नुहुन्छ, "अहिले चुनावमा हने बाहुबल, धन र हुलहुज्जतले सिधासोझालाई अप्ठेरो र अन्याय परेको छ, हामीले आत्मसात् गरेको मिश्रित निर्वाचन प्रणाली दोषी होइन, समानुपातिकमा पनि बल र पहुँच पुऱ्याउन हालीमुहाली हुँदा सोच र परिकल्पना विपरीत हुन पुगेको छ ।"

मुलुकलाई कसरी अघि लैजाने भनी राजनीतिलाई अनुशासित तुल्याउँदै दूषित हुँदै गएको राष्ट्रिय राजनीति र सुशासनलाई सपार्न नेताको इमान्दार प्रतिबद्धताको खाँचो औँल्याउँदै पूर्वमन्त्री अर्याल भन्नुहुन्छ, "त्यो हुन सकेन भने पूर्ण समानुपातिकका लागि राष्ट्रिय बहस चलाऔँ ।"

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, स्वच्छ, विश्वसनीय र मितव्ययी तुल्याउन संसदीय समितिमा होस् वा अरू कुनै भेटघाटमा आयोग पदाधिकारीलाई जनप्रतिनिधिका तर्फबाट नरिन्तर घच्घच्याउने काम भइरहेको छ । अघिल्लो निर्वाचनमै पनि टिकट खरिद, कार्यकर्ता परिचालन, मतदान र मतगणना, निर्वाचित भएपछि मन्त्री बन्न, गएको चुनावको खर्च उठाउन र आगामी निर्वाचनका लागि रकम जम्मा गर्न इमान बेचिएको पाइएको छ ।

राजनीतिक दल र उम्मेदवारलाई तुलसहित ठूला पदयात्रा, जुलुस र प्रदर्शनीमा रोक लगाउँदै युग सुहाउँदो प्रविधिमैत्री तुल्याउन टेलिभिजन र सामाजिक सञ्जालमार्फत दृष्टिकोण जनतासामु राख्ने वातावरण बनाउन विज्ञबाट सुझाव आएको छ ।

निर्वाचन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिकी प्रतिवेदनमाथि प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिमा भएको पछिल्लो छलफलमा सांसद रेखा शर्माले करोडौँ खर्च गरेर निर्वाचनबाट आउने नतिजाले सुशासन र राजनीतिक स्थिरता कायम हुन नसक्ने टिप्पणी गर्नुभयो ।

उहाँले भन्नुभयो, "समानुपातिकमा मन परेको तथा प्रत्यक्षमा पैसा हुनेको छनोटले सुशासन, स्थिरता र निष्ठाको राजनीति गर्नेलाई टिकाउन समस्या पैदा भो, निष्ठाको राजनीति जोगाउन, सुशासन कायम गर्न र जनप्रतिनिधि नीतिनिर्मातामा स्थापित गराउन प्रणालीमै पुनरावलोकन जरुरी छ ।"

समानुपातिक र समावेशिता सुनिश्चित हुने गरी निर्वाचन प्रणालीमा सुधार गरिनुपर्नेमा जोड दिँदै पूर्वमन्त्री शर्मा भन्नुहुन्छ, "प्रणालीभित्र सुधार गरौँ, निष्ठाले निर्वाचन जित्ने साँच्चिकै मितव्ययी निर्वाचन होस् भन्ने हामी सबैको सोच हुनुपर्छ ।"

लोकतन्त्रको प्राणवायु निर्वाचनमा अनेकौँ विकृति र विसङ्गति देखिएपछि सबै पक्षबाट निर्वाचन व्यवस्थापनमा ठूलो सुधारको खाँचो औँल्याइएको हो । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता लक्ष्मणलाल कर्ण भन्नुहुन्छ, "परिणाम धेरै खराब देखिएका छ, निष्ठाको राजनीति र समाजसेवा गर्नेभन्दा ठेकेदार बढी आउन थाले, प्रतिनिधिसभाका लागि निर्वाचन खर्चको सीमा रु २४ लाख तोकिएको छ, त्यो नै अधिक हो, पोष्टर र भोजभतेर भएनभएको आयोगले दरो र खरो रूपमा अनुगमन र निगरानी गर्नुपर्छ ।"

पैसा हुनेले जित्ने, नभए हारिने निर्वाचन भ्रष्टाचारको स्रोत बन्न पुगेको जनाउँदै विज्ञले सुशासन, लोकतन्त्र र कानूनी राज्यलाई निर्वाचनमा ठूला भनिएका नेताबाटै बेवास्ता गरिएको दृष्टान्त प्रस्तुत गर्नुभयो । राजनीतिक दल र उम्मेदवारबाट आर्थिक गतिविधि पारदर्शी, खर्च कानूनबमोजिम बैंकिङ प्रणालीबाट, खर्च विवरण पेस, खर्चको वैधता, चन्दाको सीमाहद, स्रोत खुलाउनेजस्ता कार्यमा कानूनपालनामा ध्यान नदिएको आरोप लगाइएको छ । गोप्य मतदानबाहेक निर्वाचनका सम्पूर्ण प्रक्रिया छ्याङ्ग, पारदर्शी बनाएमा अहिले नै प्रणालीको विकल्प रोज्नुनपर्ने विज्ञको मत छ ।

**विधायक कानून निर्माता मात्र**

विधायक कानून निर्माता भएकाले तिनलाई त्यसमै बढी क्रियाशील गराउनुपर्ने आवश्यकतामा जोड दिइएको छ । सांसदको योग्यता तोकेर जनतालाई पनि योग्य छान्न चेतना जगाउन सकिए विकृति न्यूनीकरण हुँदै जाने विचार पनि प्रकट गरिएको छ । चुनावमा व्यक्ति होइन, राजनीतिक दलबीच सिद्धान्तबीच प्रतिस्पर्धा हुनुपर्छ, दलबीच चुनावी एकता भई जित्ने अवस्था हुँदासमेत २०० जनाको घरदैलो कार्यक्रमले आयोगले तोकेको रु २४ लाखको सीमाभित्र बस्नुपर्ने कार्यमा ठाडै उल्लङ्घन भइरहेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बहुदलीय शासन प्रणालीमा सम्पत्ति र स्रोतसाधनले नभई विचार तथा सिद्धान्त जित्नुपर्छ भन्ने मान्यताका साथ निर्वाचनलाई मितव्ययी बनाएर साँच्चिकै निष्ठावान् र इमान्दार उम्मेदवार विजय हुने वातावरण बनाउन मौजुदा प्रणालीभित्रबाटै सुधारका केही

*बाँकी तीन पृष्ठमा*

# चिकित्सा शिक्षा नियमावली संशोधन गर्न निर्देशन

काठमाडौँ, २० भदौ (रासस) ।

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले वास्तविक गरिब, विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने गरी 'राष्ट्रिय चिकित्सा शिक्षा नियमावली-२०७७' संशोधन गर्न निर्देशन दिएको छ ।

चिकित्सा शिक्षा आयोगले सञ्चालन गरेको परीक्षा र छात्रवृत्तिका सम्बन्धमा आइतबार सम्बन्धित मन्त्रालय र निकायका पदाधिकारीसँग छलफल गरी सो नियमावलीलाई संविधान र ऐनको मर्मअनुसार हुने गरी संशोधन गर्न समितिले निर्देशन दिएको हो ।

समितिका सभापति जयपुरी घर्तीले नियमावलीको दफा (२०) को ५ मा सामुदायिक बाहेकका विद्यालयका विद्यार्थीलाई पनि दिन सकिने गरी व्यवस्था गरिनु राष्ट्रिय चिकित्सा शिक्षा ऐन-२०७५ को मर्म र आशयविपरीत भएकाले संशोधन हुनुपर्ने बताउनुभयो । उक्त उपदफामा 'यस नियममा अन्यत्र जुनसूकै कुरा लेखिएको भए तापनि आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा ६ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसइई) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट एसइईको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनोट गरिने' भनिएको छ ।

ऐनको व्यवस्थाअनुसार सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कूल सिटको ७५ प्रतिशत छात्रवृत्तिका लागि निर्धारण गर्नुपर्छ । यस्तै निर्देशिको दफा ६ मा 'दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाका लागि छुट्ट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालई छनोट गरिनेछ' भन्ने व्यवस्थाबाट 'अन्य' हटाउन माग गर्नुभयो ।

निर्देशिकाको दफा ८ को उपदफा 'ख' मा भएको 'दशमलवपछिको अङ्क बराबर भएमा खुला योग्यताक्रममा अगाडि रहेको उम्मेदवार भएको समुदायलाई एक सिट थप गर्ने' लाई पुनः विचार गर्न समितिले निर्देशन दिएको छ ।

बैठकमा सांसद्हरू गिरिराजमणि पोखरेल, मानबहादुर विश्वकर्मा, विद्या भट्टराई, जीवनराम श्रेष्ठ, रेखा झालगायतले विपन्न र आरक्षित समुदायका लागि निर्धारण गरिएको छात्रवृत्ति कोटामा अन्य निजी विद्यालयका विद्यार्थीलाई छिराउने बाटो नदिन माग गर्नुभएको थियो ।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले निर्देशनानुसार अर्थ र कानून, न्याय तथा संसादीय मामिला मन्त्रालयको राय लिएर संशोधनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव तयार गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले तोकिएका क्षेत्रमा छात्रवृत्तिका सबै बजेट उपयोग हुन नसकेको स्थितिमा त्यसको प्रक्रियालाई सरलीकृत गर्ने जनाउनुभयो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कुर्था-बिजुलपुरा रेलमार्ग निर्माण: ९० प्रतिशत सम्पन्न

काठमाडौँ, २० भदौ (रासस)।

धनुषाको कुर्थादेखि महोत्तरीको बिजुलपुरासम्मको रेलमार्ग निर्माण ९० प्रतिशत सम्पन्न भएको छ।

भारतीय अनुदान सहयोगमा निर्माणाधीन सो रेलमार्गको मुख्य पूर्वाधारको काम सकिएको छ भने 'रेल्वे टेलिकम्युनिकेशसन' काम मात्रै बाँकी छ। भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म रेलमार्ग तयार भएर रेल सञ्चालन गर्ने तयारी भइरहँदा त्यसभन्दा

### *खर्चिलो र भड्किलो...*

काम सुरु गरिएको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "भड्किलो निर्वाचनलाई नियन्त्रण गर्न आचारसंहिता कडा बनाउने र उम्मेदवारले गर्ने खर्च र सम्पत्ति विवरण प्रविधिद्वारा हेर्नसक्ने प्रणाली विकास गरिनेछ, खर्च सीमाभित्र रहे नरहेको अनुगमन र खर्च व्यवस्थालाई पारदर्शी बनाउने रणनीतिक योजना छ।"

मतदातामा पनि भोज खाएर मत दिन्न भन्ने प्रतिबद्धता हुनुपर्ने र आचारसंहिता पालनालाई कडाइका साथ अनुगमन भएमा सुधार गर्न सकिने प्रशस्त सम्भावना औँल्याइएको छ। घोषणापत्रमा उल्लेख भएअनुसार दल र उम्मेदवार प्रतिबद्ध भए अस्वस्थ्य निर्वाचन रोक्न सकिने जनाइएको छ।

अघिको खण्डमा निर्माण थोरै मात्रै बाँकी छ।

भारतीय पक्षले 'बिजुलपुरासम्मको निर्माण चाँडो सकाउँछ' भन्दै आएको रेल विभागका महानिर्देशक दीपककुमार भट्टराईले बताउनुभयो। उहाँका अनुसार यो समयसम्म सक्छु भनेर मिति नभनेपनि उसले चाँडो सक्छौँ भन्दै आएको छ। वर्षाभन्दा पहिले निर्माणस्थलमा काम भइरहेको थियो भने अहिले कामदार निर्माणस्थलमा छैनन्। उहाँले भन्नुभयो, "हामीले उनीहरूसँग कुराकानी गरिरहेका छौँ र चाँडो गर्ने भनेको छ।"

कुर्थासम्म रेलको लाइन पुरानो नै भएकाले जग्गाको ठूलो समस्या नभएको महानिर्देशक भट्टराईले बताउनुभयो। त्यो ठाउँमा पुरानो लाइनलाई विस्तार मात्रै गरिएको थियो। बिजुलपुरादेखि बर्दिवाससम्म नयाँ बनाउनुपर्ने भएकाले जग्गाको समस्या हुनसक्ने उहाँले बताउनुभयो। यस खण्डमा पूर्वाधारको काम शुरु नभएको उहाँको भनाइ छ। उहाँका अनुसार जग्गाको विवादका कारणले लामो समयसम्म पनि मुआब्जा वितरण हुन सकेन। अहिले धनुषा र महोत्तरीमा मुआब्जा निर्धारण भएकाले एउटा प्रक्रिया सकिएको उहाँले बताउनुभयो। अहिले मुआब्जाकै प्रक्रियामा सम्बन्धित जग्गाधनीले उजुरी गर्ने समय बाँकी छ। उहाँले भन्नुभयो, "त्यो सकिएपछि नै थप काम अघि बढ्न सक्नेछ।"

भारतीय पक्षले पहिले रेलमार्ग भएकै ठाउँमा पहिलेको सबै पूर्वाधार हटाएर नयाँ निर्माण शुरु गरेको थियो। पहिले 'न्यारो गेज' मा निर्माण भएकामा अहिले 'ब्रोड गेज' मा निर्माण अघि बढाइएको हो। यो रेलमार्ग निर्माणमा प्राविधिक र आर्थिक दुवै पक्ष भारतीयले गरिरहेको छ। जयनगरबाट जनकपुर, कुर्था, बिजलपुरा हुँदै सो रेलमार्ग बर्दिवाससम्म पुग्नेछ। नेपाल सरकार आफैँले निर्माण अघि बढाइरहेको पूर्व-पश्चिम रेलमार्ग पनि बर्दिवास नै भएर अघि बढ्नेछ। यी दुवै रेलमार्ग बर्दिवास नै भेटिने गरी योजना बनाइएको छ।

पहिलो खण्डमा कुर्थासम्मको निर्माण सकिएपछि नै बिजुलपुरासम्मको निर्माण अघि बढाइएको छ। यो खण्ड सकिएपछि बिजुलपुराबाट बर्दिवाससम्मको निर्माण अघि बढाइने विभागले जनाएको छ। लामो समयसम्म जग्गा विवादकै कारण कुर्था-बिजुलपुरा रेलमार्ग निर्माण अघि बढ्नसकेको थिएन भने अहिले पनि कहिलेसम्म सकिन्छ भन्ने टुङ्गो छैन।

राष्ट्रपति विद्यादेवी भण्डारीको भारत भ्रमणका क्रममा दुई देशको सीमा जिल्ला जोड्ने गरी पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो। भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेल निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को बथनाहादेखि विराटनगरको रेलमार्गमा मात्रै निर्माण भइरहेको छ। बथनाहादेखि विराटनगरमा १८ किमीमध्ये १० किमी निर्माण भइसकेको छ। अरु तीन स्थानमा भने सुरु नै हुन सकेको छैन। नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि त्योभन्दा नयाँ प्रविधिको रेलमार्ग निर्माण गरिएको छ।

जयनगरर-कुर्था रेल सञ्चालनकै लागि सरकारले गत वर्ष असोज २ मा दुई सेट रेल खरिद गरेको थियो। रेल सञ्चालनका लागि जनशक्ति, कार्यालयलगायत तयारी पुरा भए पनि सेवा शुरु भइसकेको छैन। कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण झण्डै दुई वर्ष पहिले नै सकिएको थियो। जयनगरदेखि कुर्थासम्मको लम्बाइ हाल ३५ किमी छ। कुर्थादेखि बिजुलपुरासम्म रेलमार्ग १७ किमी रहेको छ भने बिजुलपुराबाट बर्दिवाससम्म थप १७ किमी निर्माण हुनेछ। सबै खण्डमा निर्माण सकिँदा यो रेलमार्गको जम्मा लम्बाई झण्डै ७० किमी लम्बाइको हुने बताइएको छ।

# मित्रराष्ट्रको प्रतिष्ठामा आँच आउने गतिविधिप्रति गृह मन्त्रालयको आपत्ति

काठमाडौँ, २० भदौ (रासस)।

गृह मन्त्रालयले मित्रराष्ट्को सम्बन्धमा आँच आउने गतिविधि भएकोप्रति आपत्ति प्रकट गरेको छ।

मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गरी विगत केही दिनदेखि छिमेकी मित्रराष्ट्का प्रधानमन्त्रीको प्रतिष्ठामा आँच आउने गरी नारावाजी गर्ने, जुलुस प्रदर्शन गर्ने र पुत्ला दहन गर्ने गतिवधिप्रति गृह मन्त्रालयले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै त्यस्ता उच्छृङ्खल गतिविधिप्रति आपत्ति जनाएको हो।

"नेपाल सरकार सबै मित्रराष्ट्रसँग पारस्परिक सम्बन्ध अझै प्रगाढ गर्न चाहन्छ, नेपाली भूमिमा कुनै पनि राष्ट्रविरुद्धका गतिविधि हुन नदिने विषयमा मन्त्रालय कटिबद्ध छ, मित्रराष्ट्को स्वाभिमान र सम्मानमा आँच आउने कुनै पनि क्रियाकलाप नगर्न सबैमा आग्रह गरिन्छ", मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

मन्त्रालयले छिमेकी मुलुकसँगको उत्पन्न समस्या वार्ता र कूटनीतिक माध्यमबाट समाधान गरिँदै आएको जानकारी गराउँदै भविष्यमा पनि त्यस्ता समस्या वार्ता, संवाद र कूटनीतिक माध्यमबाटै समाधान गरिने विज्ञप्तिमा उल्लेख गरेको छ। मन्त्रालयले मित्रराष्ट्रविरुद्ध लक्षित गतिविधि नियन्त्रणका लागि त्यस्ता गतिविधिमा संलग्न भई कानून हातमा लिनेलाई कारवाही गर्ने चेतावनी समेत दिएको छ।

यसअघि शुक्रबार पनि मन्त्रालयले विज्ञप्ति जारी गरी मित्रराष्ट्को सम्बन्धमा आँच आउने कुनै पनि गतिविधि नगर्न अनुरोध गरेको छ। मित्रराष्ट्को सहयोगमा सञ्चालित विकास आयोजना र त्यहाँ कार्यरत कर्मचारी, विदेशी नागरिक र उनीहरूका सम्पत्तिलाई लक्षित गरी प्रत्यक्ष वा परोक्ष रूपमा सञ्चार माध्यम/सामाजिक सञ्जालमार्फत नकारात्मक टिप्पणी तथा धम्कीपूर्ण अभिव्यक्ति दिने जस्ता गतिविधि भएकोप्रति ध्यानाकर्षण भएको जनाएको थियो।

विकास आयोजना कार्यान्वयनमा असुरक्षा महसुस हुने तथा मित्रराष्ट्सँगको सम्बन्धमा नै आँच आउने खालका कुनै पनि गतिविधि नगर्न र नगराउन विज्ञप्तिमा भनेको थियो।

नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**

**मालपोत कार्यालय कन्चनपुर, सप्तरी**

प.स.

च.न

मिति: २०७८/५/१०

**सूचना**

जिल्ला सप्तरी गा.वि.स. त्रिकौल वा.न.६ हाल परिवर्तित ठेगाना तिरहुत गा.पा.वा.न.१ स्थायी ठेगाना भएका चेतुको नाति चुनीको छोरा दु:खी खंगको नाममा तिरो तिरी आएको, स.जि.अ. प्रमाण प्रयोजनका लागी श्रेष्ता उतार गरिलिएको ज.ध.प्रमाण पूर्जामा कायम तपसिलको कि.न. क्षेत्रफल भएको जग्गाहरुको मोठ श्रेष्ता च्यातिई नष्ट भएकोले आफुसंग रहेको स.जि.अ.प्रमाण प्रयोजनका लागी श्रेष्ता उचार गरिलिएको ज.ध.प्रमाण पुर्जा सहित श्रेष्ता कायम गरी पाउ भनि ज.ध. दु:खी खंगको मिती २०५८/५/२४ मृत्यु भईसकेकोले निजको शेषपछिको नजिकका हकवाल छोराहरु मिश्रीलाल खंग, महेन्द्र खंग र योगेन्द्र खंगसमेतले यस कार्यालयको द.न. ३४०९ मिति २०७७/१०/६ मा संयुक्त निवेदन दिनु भएकोले मिति २०७८/५/१० को आदेश बमोजिम यो सूचना टाँस प्रचार गर्ने काम भएको छ। तपसिलको जग्गा कोही कसैको नाममा रहेको भए अथवा कोही कसैले भोग चलन गरिरहेको भए आवश्यक कागज प्रमाणहरु सहित सरोकारवाला व्यक्तीहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र उजुरी निवेदन दिनुहोला। म्याद भित्र कुनै उजुरी निवेदन पर्न नआए प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रियार्थ कार्यवाही भई जाने व्यहोरा अनुरोध छ।

तपसिल

| सि.न. | जिल्ला | गा.वि.स | वा.न. | कि.न. | ज.वि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | त्रिकौल | ६ क | २१० | ०-०-१९ | |

## विश्व समाचार

### बाइडेन दम्पत्तीले सेप्टेम्बर ११ को आतंककारी हमला भएका तीनै स्थलको अवलोकन भ्रमण गर्ने

संयुक्त राज्य अमेरिका (वासिङ्टन), २० भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले आगामी शनिबार न्यु योर्क, पेन्सिलभेनिया र भर्जिनिया पुगी सेप्टेम्बर ११ को आतङ्ककारी आक्रमणस्थलको अवलोकन भ्रमण गर्नुहुने भएको छ। सन् २००१ सेप्टेम्बर ११ मा भएको आतङ्ककारी आक्रमणको २०औँ वर्षका दिन हुने अवलोकन भ्रमणलाई विशेष महत्वका साथ लिइएको छ।

ह्वाइट हाउसले ट्वीटर सन्देशमार्फत जानकारी गराएअनुसार, सेप्टेम्बर ११ शनिबारका दिन बाइडेन दम्पत्तीले सेप्टेम्बर ११ हमलाका तीने स्थलमा यात्रा गरेर २० वर्षअघि गुमाएका जीवनलाई सम्मान र स्मरणीय बनाउनु हुनेछ। अमेरिकी उपराष्ट्रपति कमला ह्यारिस र उहाँका पति डगलस इमोफ पनि छुट्टै कार्यक्रमको लागि पेन्सिलभेनियाको शाङ्कसभिल जाने कार्यक्रम रहेको बताइएको छ। उहाँहरू शाङ्कभिलपछि पेन्टागनमा राष्ट्रपति बाइडेन र प्रथम महिला जिल सम्मिलित कार्यक्रममा सहभागिता जनाउनुहुने वक्तव्यमा उल्लेख छ।

शुक्रबार राष्ट्रपति बाइडेनले सङ्घीय जाँच ब्यूरोको सेप्टेम्बर ११ को जाँचसँग सम्बन्धित कागजातको वर्गीकरण समीक्षा निरीक्षण गर्न न्याय विभाग र अन्य सम्बन्धित निकायलाई निर्देशन दिने कार्यकारी आदेशमा हस्ताक्षर गरी आगामी छ महिनामा वर्गीकृत कागजात सार्वजनिक गर्न निर्देशन गर्नुभएको थियो। सेप्टेम्बर ११, २००१ मा संयुक्त राज्य अमेरिकाले आफ्नो इतिहासके सबैभन्दा घातक आतङ्ककारी आक्रमणको सामना गर्नुपरेको थियो। आक्रमणमा तीन हजारभन्दा बढी मानिस मारिएका थिए। अल कायदाका परिचालक निकायद्वारा अपहरण गरिएका विमानलाई १०२ मिनेटको अवधिमा तिनीहरूमा ठोक्याएर दुर्घटना गराएपछि न्यू योर्कको विश्व व्यापार केन्द्रका दुवै टावर ढलेका थिए।

### अफगान राष्ट्रिय ध्वजावहाक विमानद्वारा अवरूद्ध आन्तरिक उडान पुन:सुरु

काबुल, २० भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको ध्वजावाहक विमान एरियाना अफगान एयरलाइन्सले तालिवान समूहले अफगान राजधानी कब्जा गरेसँगै अवरूद्ध बनेका आन्तरिक उडान पुन:सञ्चालनमा ल्याएको स्थानीय टेलिभिजन च्यानलले आइतबार जनाएको छ। "एरियाना अफगान एयरलाइन्सले काबुलबाट हराट, मजार-आई-शरिफ र कान्दाहर शहरसम्मको उडान पुन:सुरु गरेको छ," टोलोन्युजले आफ्नो समाचार बुलेटिनमा उल्लेख गरेको छ।

अगस्ट महिनाको अन्त्यमा अमेरिकी सेना बाहिर निस्किएदेखि घरेलु उडानको पुन:आरम्भ गर्ने पहिलो स्थानीय एरियाना अफगान एयरलाइन्स हो। अमेरिकी सेनाको बहिर्गमनसँगै काबुल विमानस्थलको सुविधामा समस्या रहेको बताउने गरिएको छ। अर्को स्थानीय निजी विमान कम्पनी काम एयरले आफ्नो विमान काबुल विमानस्थलबाट इरानको मशहाद शहरमा सारेको समाचारमा जनाइएको छ।

तालिबानले अगष्ट १५ मा अफगानको राजधानी कब्जा गरेपछि काबुलमा अराजक स्थिति आउनसक्ने आशङ्पछि त्यहाँ उडान भरिरहेका स्वदेशी तथा विदेशी विमान कम्पनीले व्यवसायिक उडान गर्न रोकेका थिए। सञ्चारमाध्यमका अनुसार कतारको एक प्राविधिक टोली काबुल विमानस्थलमा उडान पुन: सुचारु गर्न मद्दत गर्न तयार छ। मानवीय सहायता लिएर संयुक्त अरब इमिरेट्सबाट ओहदाका अधिकारी र अर्को विमान बोकेको कतारी विमान केही दिनअघि काबुल अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण भएको थियो।

### उत्तरी इराकमा आइएस समूहद्वारा आक्रमण, १३ सुरक्षाकर्मीको मृत्यु

बगदाद, २० भदौ (रासस/सिन्ह्वा)।

किर्कुक प्रान्तमा इस्लामिक स्टेट (आइएस)ले शनिबार राति प्रहरी चौकीमा आक्रमण गरेको छ। उक्त घटनामा कम्तीमा १३ सुरक्षाकर्मीको मृत्यु भएको इराकको प्रान्तीय प्रहरी स्रोतले आइतबार पुष्टि गरेको हो। उक्त घटनामा छ सुरक्षाकर्मी घाइते भएको बताइएको छ। प्रहरी मेजर अब्बास अल-ताइले सिन्ह्वालाई बताएअनुसार आई एस आतंकवादीले शनिबार रात बगदादबाट लगभग २५० किलोमिटर उत्तरमा पर्ने प्रान्तीय राजधानी किर्कुकको दक्षिणमा अल-राशाद शहरको एउटा गाउँमा सङ्घीय प्रहरी चौकीमा आक्रमण गरेका छन्।

अल-ताइ भन्नुभयो, "चौकीमा भएको आक्रमण पछि उनीहरूले गाउँतर्फ जाने सडक छेउमा शक्तिशाली विस्फोट गराएका र त्यही विष्फोटमा परी १३ प्रहरी मारिएका छन् भने अरू छ जना घाइते भएका छन्।" आक्रमणपछि उक्त क्षेत्रमा थप सुरक्षाकर्मीलाई तैनाद गरिएपछि आक्रमणकारी घटनास्थलबाट भागेका थिए।

सरकारले सुरक्षा फौजको सहयोगमा कब्जा गरेको प्रान्तमा इराकी सुरक्षा बलमाथि विगत केही महिनायता आइएस समूहले आक्रमण तीव्र पारेको थियो। यस क्रममा दर्जनौं सुरक्षाकर्मी सर्वसाधारण र आइएस लडाकूसमेतको मृत्यु भएकमो छ भने सयौं घाइते भएका छन्। सन् २०१७ मा इराकी सुरक्षा फौजले इराकी आइएस समूहलाई पराजित गरेपछि इराकको सुरक्षा स्थिति मजबुत रहँदै आएको महसुस गरिएको थियो। तथापि, सुरक्षा बल तथा नागरिक विरुद्ध बारम्बार गुरिल्ला आक्रमण गरेर शहरी केन्द्र वा मरुभूमि र पहाडी क्षेत्रमा आइएसले आफ्नो अस्तित्व देखाउने प्रयास गर्दै आएको छ।

# बेल्हीमा चहलूम दाहा मेला २०७८ शुरु



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

सप्तरीको बलान बिहुल गाउँपालिका ४ बेल्हीमा चहलूम दाहा मेला २०७८ शुरु भएको छ ।

बेल्हीस्थित मैदानमा शुरु भएको मेलाको एक कार्यक्रमका बीच प्रदेशसभा सदस्य मो. समिम, बलान बिहुल गाउँपालिकाका अध्यक्ष दयानन्द गोईत, वडानम्बर ४ का वडाअध्यक्ष मो. हन्सु मियाँ र स्थानीय सुनिल कुमार झाले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

मेला समितिका अध्यक्ष मो. इजहारुलको अध्यक्षतामा आयोजित मेला उद्घाट कार्यक्रममा बोल्दै प्रदेशसभा सदस्य मो. समिमले दाहा मेला धार्मिक आस्थालाई जागृत गर्नुको साथै यसले कला र संस्कृतिको जगेर्नामा महत्वपुर्ण योगदान पुग्ने बताए ।

उनले बर्षेनी बलान नदीको बाढीले बेल्ही लगायन आसपासको क्षेत्रमा ब्यापक धनजनको क्षति पुर्‍याउँदै आएपनि नियन्त्रणको प्रयास नभएको प्रति दुख व्यक्त गर्दै नदी नियन्त्रणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

भदौ २१ गतेसम्म तीन दिन चल्ने मेलमा नेपालको टिकुलिया, छर्रापट्टी, गौरा र लालपट्टी तथा भारतको मझौरा, मुरारपट्टी, बगहा र कमलपुर गरी ८ गाउँका २०० कलाकारहरुले लाठ्ठी, भाला, फर्सा लगायतका घरलु हतियारसहितको कला प्रस्तुत गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

धर्मको जागरुकतासँगै खेलाडीहरुको बलोबल बढाउने र मनोरञ्जन गर्ने उद्देश्यका साथ आयोजना गरिएको मेलामा प्रस्तुत हुने प्रतियोगितामा प्रथम खेलाडीलाई ५ तौला चाँदीको सिक्का र रु. १० हजार नगद, दोश्रो हुनेलाई ३ तौला चाँदीको सिक्का र रु. ८ हजार नगद तथा तेश्रो हुनेलाई २ तौला चाँदीको सिक्का र नगद रु. ५ हजार पुस्कार प्रदान गरिने आयोजक समितिका अध्यक्ष मो. इजहारुलले जानकारी दिए ।

त्यस्तै प्रतियोगितामा उत्कृष्ट ढोल बजाउने कालाकारलाइ पनि १ तौला चाँदीको सिक्का प्रदान गरिने जनाएको छ । मेलामा दर्शकहरुलाई थप मनोरञ्जनात्मक बनाउन साँझको समयमा पौराणिक लोकनाच र सांस्कृतिक कार्यक्रमहरु समेत आयोजना गरिने आयोजकको भनाई छ ।

## फुटबल प्रशिक्षक ...

कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघका अध्यक्ष रन्जन थापा र कार्यालय प्रमुख दिनेश भुजेलले कदर पत्र प्रदान गरे ।

करातेका बरिष्ठ प्रशिक्षक बिजयमान थापाको अध्यक्षतामा आयोजित कार्यक्रममा राखेप कर्मचारी संघका अध्यक्ष थापा, कार्यालय प्रमुख भुजेल, सम्मानित परियार, टेबुलटेनिस संघका अध्यक्ष मनोहर पोखरेल र प्रशिक्षक उमेश गुरुङ, विभिन्न खेलका प्रशिक्षक, कर्मचारी, खेलाडीहरूको उपस्थिती रहेको थियो ।

# एमालेको वडा अधिबेशन सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

नेकपा एमाले सप्तरीले संगठन बिस्तार र सुदृढीकरण अभियानलाई तिब्रता दिएको छ ।

एमाले नगर अधिबेशन र वडा अधिबेशनहरुलाई निरन्तरता दिएको छ । यसैक्रममा बोदे बसाईन नगरपालिका वडा नम्बर २ को सम्पन्न वडा अधिबेशनले शिबनाथ चौधरीको अध्यक्षतामा वडा समिति गठन गरेको छ ।

नवगठित वडा समितिको उपाध्यक्षमा रामसेवक यादव र सचिवमा शैलेन्द्र कुमार यादवलाई चयन गरेको छ ।



समितिको सदस्यहरुमा भिलाई सदा, सरोज कुमार यादव, रामचरण पासवान, रामदहिन यादव, बिजय सागर साह, रामकिशुन साह, मो. सलिम, शम्भु यादव, हरेराम मण्डल, मुनेश्वर राम, रामपृत मण्डल, मो. रहिम बकस, मो. करिबन, मो. अैयुब र छोटिया मण्डललाई चयन गरेको जनाएको छ ।

यसअघि वडाअधिबेशनको एक कार्यक्रमका बीच नेकपा एमालेका नेता तथा राष्ट्रियसभा सदस्य सुमनराज प्याकुरेलले उद्घाटन गर्नुभएको थियो । अधिबेशन उद्घाटन कार्यक्रममा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरी, सचिव देवनाथ यादव, नेताहरु अब्दुल मज्जिद साकिर, देवनारायण चौधरी, मो. इस्लाम, अैयुब राईन, अशोक कुमार यादव, एमाले बोदे बसाईन नगर समितिका अध्यक्ष बिजली कापैर लगायतका नेताहरुले सम्बोधन गरे ।


स.क.परिषद द.नं.-७८०८ जि.प्र.का. दर्ता नं. १०५/२०५४/०५५

**सप्तरी सामुदायिक बिकास केन्द्र,नेपाल**
**Saptari Community Development Centre, Nepal**
**राजविराज**

पान : ३०१८३७१६७

मिति: २०७८/५/२०

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथमपटक प्रकाशित मिति २०७८ भाद्र २० गते आईतवारनेपाल सरकार तथा स्वीट्जरल्याण्ड सरकार बीच भएकोद्विपक्षीय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयको नितिगत पहल प्रदेश नं २ सरकारको समन्वय, स्थानीय सरकारहरु राजबिराज नगरपालिका, शम्भुनाथ नगरपालिका, कंचंरूप नगरपालिका र राजगढ गाँउपालिकाको नेतृत्वामा, हेल्भेटास नेपालकोप्राविधिक सहयोगमा ससरी जिल्लामा संचालित सुरक्षित आप्रवासन परियोजना (सामी) तेश्रो चरण कार्यान्वयन भईरहेको छ । यसअन्तर्गत बैदेशिक रोजगार सम्बन्धि आप्रवासी श्रोत केन्द्र संचालन गर्न तथा समुदायसचेतीकरण, मनोसामाजिक परामर्श सेवा,वित्तीय साक्षरता र आप्रवासी कामदार तथा तिनका परिवारहरुकोक्षमता विकास सम्बन्धि कृयाकलापहरु संचालनको लागि स्थानियसरकारहरु र सेवा प्रदायक सस्था ससरी सामुदायिक विकास केन्द्र,नेपाल राजविराज बीच भएको सम्झौता अनुसार तपसिलको जनशक्ति आवश्यक भएको हुदाँ निम्नानुसार योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ...................................................................................|

| पद | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| वित्तीय साक्षरता सहजकर्ता | १ जना राजबिराज नगरपालिका को लागी | प्रवीणता प्रमाणपत्र तह वा १०+१२ उतीर्ण गरेको, वित्तीय साक्षरता सहजकर्ता वा बित्तीय सम्बन्धी कम्तिमा २ वर्षको कार्यानुभव वा सो सम्बन्धि आधारभूत तालिम लिएको वा सो सम्बन्धि १ वर्षको अनुभव। स्कुटर/मोटर साइकल चालक अनुमति पत्र प्राप्त भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिइने छ। उमेरको हद :पुरुषको हकमा१८वर्ष देखि ३५ वर्ष ननाघेको लाई प्राथमिकता दिइने छ साथै महिलाको हकमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको । MS Word, Excel, Power point को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने साथै इमेल, इन्टरनेट चलाउन सक्ने |
| आबेदन साथ पेश गर्नु पर्ने कागजातहरु | माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि २ जना सन्दर्भ व्यक्ति (Reference personहरुको नाम सम्पर्क फोन नम्बर र इमेल सहितको व्यक्तिगत विवरण (Bio-Data) शैक्षिकयोग्यताको प्रमाण पत्रको प्रतिलिपि, तालिम तथा कार्यअनुभव पत्रहरुको प्रतिलिपि र १ प्रति पासपोर्ट साइजको फोटो सहित सम्पूर्ण कागज पत्रहरूमा सक्कल बमोजिम नक्कल ठिक छ भनी स्व.प्रमाणित गरी पेश गर्नु पर्नेछ । | |
| आवेदन दिने अन्तिम मिति | सुचना प्रकासन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा र अन्तिम दिन विदा परे सोको भोली पल्ट आबेदन दिन सकिने छ। | |
| आवेदन दिने स्थान | ससरी सामुदायिक बिकाश केंद्र, नेपाल को कार्यालय राजबिराज ७ खरसाल टोल, ससरी सम्पर्क न. ०३१-५३३१५२, ९८१६७७७६०५ र ९८४२८७३३६१ | |
| तोकिएको मिति भित्र पर्न आएका आवेदकहरुको संक्षिप्त सूची (Short List) तयार पारिनेछ साथै संक्षिप्त सूचीमा परेका आवेदकहरुलाई मात्र लिखित मौखिक तथा प्रस्तुतीकरण प्रक्रियामा समावेश गराइनेछ । साथै, पद तथा कामको पकृति र गाम्भीर्यतालाई मध्यनजर गर्दै कम्प्युटर (Computer) विधीबाट समेत परीक्षा लिएनेछ । | | |
| कुनै पनि आवेदक वा सम्पुर्ण आवेदक अस्विकार गर्ने अधिकार ससरी सामुदायिक बिकाश केन्द्र नेपाल राजविराज संस्था मा सुरक्षित रहने छ । | | |
| ससरी सामुदायिक बिकाश केन्द्र नेपाल सस्था तथा कार्यक्रमले कर्मचारीमा विविधताको प्रर्वद्धन गर्दछ र कर्मचारीको छनौटमा महिला तथा दलित, जनजाति, मधेशी तथा अन्यअल्पसंख्यक समुदायहरुको उमेद्वारहरुको समावेसिकरणको लागि साकारात्मक विभेदको आधारमा विशेष ग्राह्यता प्रदान गर्दछ । | | |

पदपूर्ती समिति संयोजक
ससरी सामुदायिक बिकाश केन्द्र, नेपाल



खोप लगाऊँ सुरक्षित रहौं

**खोप लगाएपछि पनि,**

* मास्कको नियमित प्रयोग गरौ,
* अत्यावश्यक परेमात्र बाहिर निस्कौ,
* भीडभाडबाट बचौं,
* कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौ,
* साबुनपानीले हात धोऔं,
* साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौ,
* शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*